# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५-६९२३४३
V9F8+RM

च.न.
प.स. २०७९/२०८०

मितिः२०७९/०४/११

## व्यवसाय दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस रैनादेवी छहरा गाउँपालिकामा दर्ता नगरीकन गाउँपालिका क्षेत्रभर व्यवसाय सञ्चालन गर्नुभएका सम्पूर्ण व्यवसायीहरूले आफ्नो व्यापार व्यवसाय दर्ता गराई सञ्चालन गर्नुहुन सूचित गरिन्छ। साथै दर्ता गरी सञ्चालन गरिरहनुभएका व्यवसायीहरूले आर्थिक वर्ष २०७९/८० सम्मको नवीकरण गर्नुहुन समेत अनुरोध गरिन्छ। दर्ता तथा नवीकरण नगरेमा प्रचलित कानून बमोजिम थप शुल्क तथा जरिबाना लाग्ने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरू सहित रैनादेवी छहरा गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि-२०७९ को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

देहायः

१. हालसालै खिचेको दुई प्रति पासपोर्ट साइजको फोटो।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. वडा कार्यालयको सिफारिस।
४. व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि।
५. अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा।
६. उद्योगको हकमा सधियारको मञ्जुरीनामा र उद्योग वाणिज्य सङ्घको सिफारिस पत्र।

पुनश्चः

- हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायहरू २०७९ साल पौष मसान्त सम्म अनिवार्य दर्ता गरिसक्नु पर्नेछ।
- व्यवसाय नवीकरण प्रत्येक आर्थिक वर्षको साउन मसान्तसम्म गर्नुपर्नेछ।
- नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले एक महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ।

राजीव पन्थी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत